गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
सारी, रोल्पा
लुम्बिनी प्रदेश नेपाल

वेव: www.gangadevmun.gov.np
ई-मेल: gangadevmun@gmail.com
फोन:९८२९५०९२४५

पत्र संख्या : २०७७/०७८
चलानि नं ९१

मिति: २०७८/०२/२३

विषय —वार्षिक परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा ।

श्री, सामुदायिक तथा संस्थागत विद्यालयहरु

प्रस्तुत विषयको सम्बन्धमा यस गंगादेव गाउँपालिका गाउँशिक्षा समितिको मिति २०७८/०२/२३ गते बसेको बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा covid 19(कोरोना भाइरस) का कारण संचालन गर्न नसकिएको र नँया शैक्षिक सत्र असार देखि संचालन हुने हुने कुरालाई मध्यनजर गर्दै यस गंगादेव गाउँपालिकामा संचालित सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले २०७८ जेष्ठ मसान्त सम्म तपसिलका आधारहरु पुरा गरि नतिजा प्रकाशन गर्न गराउन हुन सम्बन्धित सबैमा जानकारी गरिन्छ । साथै गाउँपालिका स्तरिय कक्षा ८ उत्तिर्ण परिक्षाको मार्क लेजर तयार गरि २०७८ जेष्ठ मसान्ता भित्र गंगादेव गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन जानकारी गरिन्छ ।

तपसिल

१- कक्षा १-३ सम्म निरन्तर विद्यार्थी मुल्याङ्कनको आधारमा विद्यालयले नतिजा प्रकाशन गर्ने ।

२- कक्षा ४ र ५ मा ५०% निरन्तर विद्यार्थी मुल्याङ्कन र ५०% गंगादेव गाउँपालिका बाट संचालित अर्धवार्षिक परीक्षाको आधारमा विद्यालयले नतिजा प्रकाशन गर्ने ।

३- कक्षा ६ र ७ मा ४०% निरन्तर विद्यार्थी मुल्याङ्कन र ६०% गंगादेव गाउँपालिका बाट संचालित अर्धवार्षिक परीक्षाको आधारमा विद्यालयले नतिजा प्रकाशन गर्ने ।

४- कक्षा ९ को गंगादेव गाउँपालिका बाट संचालित अर्धवार्षिक परीक्षाको आधारमा विद्यालयले नतिजा प्रकाशन गर्ने ।

५- कक्षा ८ को गंगादेव गाउँपालिका बाट संचालित अर्धवार्षिक परीक्षाको आधारमा विद्यालयले मार्कलेजर तयार गरि २०७८ जेष्ठ मसान्त भित्र गंगादेव गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

श्री शेरबहादुर डाँगी
शिक्षा शाखा ~~प्रमुख~~
शिक्षा शाखा संयोजक